इन्सेक INSEC
इन्सेक अभियान
वर्ष ८ अंक ५, पूर्णाङ्क ३३ कार्तिक ०५३

# हिरासतमा यातना : मानवअधिकारको गम्भीर उल्लंघन

हाम्रो देशमा केही समय यता प्रहरी हिरासतमा यातना दिने कार्य निकै बढिरहेको छ। हिरासत भित्रै यातनाका कारण कतिपय नागरिकको ज्यान समेत गुमेको छ। कतिपयलाई प्रहरीद्वारा पक्राउ गरी गोली हानी मारिएको छ। त्यस्तै प्रहरीको यातनाका कारण हिरासत मुक्त भएपछि केही नागरिकको मृत्यु हुन पुगेको छ। यसरी प्रहरीद्वारा सम्मानित रूपले बाँच्न पाउने नागरिकको मौलिक अधिकारको घोर उल्लंघन भइरहेको छ। अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) सामाजिक न्याय र मानवअधिकारको निम्ति सशक्त ढंगले लागी परेको संस्था हो भन्ने कुरा सर्वविदितै छ। नागरिकको मौलिक अधिकारहरूको सम्मान गर्नु राज्यको दायित्व हो भन्ने इन्सेकको मान्यता छ। शान्ति सुरक्षाको जिम्मेवारी लिने प्रहरी प्रशासनबाटै नागरिकहरूमा सन्त्रासको स्थिति सृजना हुनु अवश्य पनि दुःखदायी र निन्दनीय कुरा हो। अहिले इन्सेक प्रहरी प्रशासनबाट दिइएको यातनाका विरूद्धमा अग्रपंक्तिमा रहेर आवाज उठाइरहेको छ। कार्तिक १३ गते इन्सेकले प्रहरी प्रशासनको यातनाका कारण मृत्यु हुने नागरिकहरूको नामावली सहित एक प्रेस विज्ञप्ति जारी गरेको थियो। प्रेस विज्ञप्तिद्वारा यस्ता क्रियाकलापहरूको सम्बन्धमा सम्बन्धित निकायको ध्यानाकर्षण गरिएको छ। प्रस्तुत छ उक्त प्रेस विज्ञप्तिको पूर्ण विवरण -



"०५३ असोज ३० गते राजधानीमै रहेको गोपी कृष्ण सिनेमा हल नजिकै गिरफ्तार गरिएका चावहिलका १७ वर्षीय दर्पण वर्माको प्रहरी हिरासतमै सोही दिन भएको मृत्यूको घटनाप्रति हाम्रो ध्यान आकृष्ट भएको छ। दिउँसो २.३० बजे प्रहरीले आफ्नो कब्जामा लिएका निज वर्मालाई ३ घण्टा पछि ५.३० बजे प्रहरीद्वारा वीर अस्पतालको आकस्मिक कक्षमा पुऱ्याइदा उनको मृत्यू भैसकेको थियो। प्रहरी हिरासतमै उनको मृत्यू भएको कुरा प्रष्ट हुन्छ।

वर्तमान सरकार गठन भए यतामात्र एक दर्जनभन्दा बढी निर्दोष नागरिकहरूको प्रहरी हिरासतमा मृत्यू भैसकेको छ। यसरी हिरासतमा मृत्यू हुनेहरूमा केहीको प्रहरी यातनाका कारण, थुनुवा अवस्थामै र केहीको भने हिरासतमा दिइएको यातनाका कारण हिरासत मुक्त भएपछि मर्नेहरू समेत रहेका छन्। यस्ता प्रकृतिका घटना रोकिनु पर्नेमा उल्टै क्रमिक रूपमा बढ्दै गएका छन्। ०५२ पुस ७ गते चितवन जिल्ला भरतपुर नगरपालिकाका कर्मचारी कृष्ण जोशीको प्रहरी हिरासतमै मृत्यू भयो। यसपछि मोरङ जिल्ला लेटाङ गाविसंका धनबहादुर पुलामीको पनि प्रहरी हिरासतमै मृत्यू भएको थियो। सिन्धुपाल्चोक जिल्ला ठोकर्पा गाविस-९ का भरतबहादुर खत्रीको पनि प्रहरी हिरासतमा दिइएको निर्मम यातनाकै कारण ०५३ भदौ २६ गते मृत्यू हुन पुग्यो। दाङ जिल्ला हलावार गाविस-४ का भानु प्रताप सिं चौधरीको पनि भदौ १५ गते यातनाकै कारण मृत्यू भयो। ०५३ असोज २ गते काठमाडौं हनुमान ढोका स्थित प्रहरी कार्यालयमा हिरासतमा रहेका दिपक पराजुलीको मृत्यू भयो। "जनयुद्ध" प्रभावित जिल्लाहरूमा त हिरासतमा मरेकालाई पनि प्रहरीसंगको मुठभेडमा मरेको प्रचार गर्ने गरिएको छ। उदाहरणको रूपमा रोल्पा जिल्लामा साउन १० गते भक्तबहादुर सुनारलाई प्रहरी हिरासतमै मारिएको थियो। तर प्रचार बेग्लै गरियो।

नागरिकका ज्यूधनको रक्षाको दायित्व दिइएको प्रहरी प्रशासनबाट नै निर्दोष नागरिकहरूले मृत्यूको शिकार हुनु प्रजातन्त्र र मानवअधिकारको भावना विपरितका क्रियाकलाप हुन्। अतः यस्ता घटनाहरूको घोर भर्त्सना गर्दै आगामी दिनहरूमा यस्ता घटना हुन नदिन सम्बन्धित निकायको ध्यान आकृष्ट गर्न चाहन्छौं।

भर्खरै सम्पन्न संसदको दशौ अधिवेशनले "यातना विरूद्ध क्षतिपूर्ति विधेयक ०५१" पारित गरेको छ। उक्त विधेयकमा यातना पाउने पीडित व्यक्तिलाई क्षतिपूर्तिको रूपमा

केही रकम उपलब्ध गराउने व्यवस्था गरिएको छ। क्षतिपूर्तिको रूपमा दिइने रकम राष्ट्रको राजस्वबाट मात्र जाने भएको र पीडक अर्थात यातना दिने अधिकारीले क्षतिपूर्ति स्वरूप कुनै जरिवाना तिर्ने व्यवस्था नगरिएकोले यातना दिने परम्परालाई रोक्न यो विधेयक सफल हुने कुरामा शंका गर्ने ठाउँ छ। अतः हामी के कुरा पुनः दोहो-याउन चाहन्छौं भने यातना पीडितलाई क्षतिपूर्ति स्वरूप दिइने रकमको केही अंश पिडक अर्थात यातना दिने व्यक्तिले व्यहोर्नु पर्ने प्रावधान राख्िनु पर्छ। अनि मात्र यातना दिने कुरामा केही हदसम्म नियन्त्रण हुन सक्छ।"

उपरोक्त प्रेस विज्ञप्तिलाई देशका प्रमुख पत्रपत्रिकाहरूले व्यापक रूपमा प्रचारप्रसार गरे। इन्सेकको प्रेस विज्ञप्तिद्वारा देशका नागरिकहरूले मानवअधिकारको लागि इन्सेकले गरेको रखवारीको बारेमा जान्ने र बुझ्ने मौका पनि प्राप्त गरे। कतिपय राष्ट्रिय दैनिक पत्रिकाहरूले सम्पादकीय मार्फत् पनि यस्तो स्थितिको बारेमा विश्लेषण गरी सरकारी क्रियाकलापप्रति ध्यानाकर्षण गराए।

कान्तिपुर दैनिकको वर्ष ४ अंक २५१, ०५३ कार्तिक १५ गतेको सम्पादकीयमा लेखिएको छ- "यताका केही समयदेखि शान्ति सुरक्षाका लागि पहिलो र प्रमुख जिम्मेवारी बहन गर्नु पर्ने संस्थाद्वारा नै शान्ति सुरक्षा भंग भएका, जनताको मौलिक र मानव हक अधिकार उल्लंघन भएका घटनाहरू पटक-पटक दोहोरिइरहेको देख्न पर्न थालेका छन्। प्रहरी हिरासतमा नागरिकहरूको रहस्यमय मृत्यु हुन थालेको छ, राजनीतिक कार्यकर्ता र पत्रकारहरूले प्रहरीको साँघातिक कुटाइ खान थालेका छन्। अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) का अनुसार गत एक वर्ष यता प्रहरी यातनाको कारण हिरासतमा वा हिरासतबाट मुक्त भइसकेपछि मुलुकका विभिन्न भागमा गरेर एक दर्जन भन्दा बढी निर्दोष नागरिकहरूको मृत्यु भइसकेको छ। ..... तर पनि प्रहरीको छवी सच्याउन सरकारले ती घटनाहरू बारे छानवीन गरेर दोष निर्दोषको निर्क्योल गर्नै पर्छ।"

त्यसैगरी श्री सगरमाथा दैनिक वर्ष १ अंक २७५, ०५३ कार्तिक १५ गतेको सम्पादकीयमा लेखिएको छ- "मानवअधिकारवादी संस्थाहरूले वर्तमान सरकारको पालामा प्रहरी हिरासतमा मारिने मानिसहरूको संख्या बढ्दै गएकोमा चिन्ता व्यक्त गरेका छन्। प्रजातन्त्र र मानवअधिकारको स्थापना गर्ने उद्देश्यले भएको जनआन्दोलन ०४६ पछि प्रजातन्त्रको पुनर्वहाली भएको र संविधानमा नै मानवअधिकारप्रति प्रतिबद्धता प्रकट गरिएको भएता पनि आज त्यसको एक दशक बिल लाग्दा पनि स्थितिमा सुधार नहुनु निश्चय नै चिन्ताको विषय हो। यस सन्दर्भमा एउटा मानवअधिकारवादी संस्था इन्सेकले संयुक्त सरकार सत्तारूढ भएयता १३ जना नागरिकले प्रहरी हिरासतको यातनाबाट ज्यान गुमाउनु परेको विवरण प्रकाशमा ल्याएको छ। यो कुरा यसकारण पनि धेरै चिन्ताको विषय हो कि मानवअधिकार हननको मात्र अझै पनि सरकारी कारणबाटै बढी र त्यसमाथि पनि यो घट्दो भन्दा बढ्दो अवस्थामा रहेको छ। ... स्वयं सरकारले हिंसा र असुरक्षा रोक्न वल प्रयोगमा भन्दा राजनीतिक वार्ता र सक्रियताबाट समस्या समाधान गर्न वल गर्नु पर्दछ।"

यसरी व्यापक रूपमा देशको प्रहरी प्रशासनको गलत क्रियाकलापको विरूद्धमा उठेको आवाजप्रति सम्बन्धित निकायले कति ध्यान दिने हो र आगामी दिनमा स्वस्थ सामाजिक स्थिति कायम गर्ने दिशामा कस्तो कदम चाल्ने हो हेर्न बाँकी नै छ। तर यो स्थितिप्रति देशका सचेत नागरिकले औंला ठड्याउनु र देशमा उत्पन्न हुने समस्याहरूको समाधान तर्फ गम्भीर हुनु आवश्यक छ।

## महिला अन्तर्क्रिया कार्यक्रम

# महिला अधिकार मानवअधिकार

**नेपालगञ्ज**

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) मध्यपश्चिमाञ्चल क्षेत्रीय कार्यालयको आयोजनामा ०५३ असोज १६ गते नेपालगञ्जमा महिला अन्तर्क्रिया कार्यक्रम सम्पन्न भयो। उक्त कार्यक्रमको उद्घाटन गर्दै राजसभा स्थायी समिति सदस्य श्रीमती रिना तुलाचनले "हक अधिकार प्राप्तिको निमित्त महिलाहरू स्वयं जागरूक र संगठित हुनु पर्दछ। दलीय पूर्वाग्रहलाई चिरेर महिलाहरू अगाडि बढ्नु पर्ने आवश्यकता टड्कारो बन्दै गइरहेको छ" भन्नुभयो। शुक्रलक्ष्मी सिंजापतिको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा ६५ जना अगुवा महिलाहरूको सहभागिता रहेको थियो। कार्यक्रमको औचित्य र उद्देश्य बारे प्रकाश पार्दै इन्सेक केन्द्रका नरनाथ लुइँटेलले भन्नुभयो- "महिलाहरू माथिको उत्पीडनलाई अन्त गर्न महिला अधिकार मानवअधिकार सम्बन्धी अवधारणालाई व्यवहारमा उतार्नु पर्दछ। यसको निम्ति पुरूष र महिला वीच भेदभाव गर्ने कानूनी अड्चनहरूलाई पनि समाप्त पार्नु पर्दछ।" उक्त कार्यक्रममा "नेपालको संविधान र कानूनमा बाझिएका महिला अधिकार तथा पैत्रिक सम्पत्तिमा समान अधिकार" विषयक कार्यपत्र श्रीमती पद्मा भट्टराईले र "राजनीतिमा महिला सहभागिताको सवाल एवं शहीद परिवारलाई राष्ट्रले सम्मान गर्नु पर्ने सवाल" विषयक कार्यपत्र गौरा प्रसाईंले प्रस्तुत गर्नु भएको थियो। कार्यपत्रहरूमाथि ५ समुहमा विभाजित महिलाहरूले छलफल गरी निश्कर्ष निकालिएको थियो। निश्कर्षका सोंचहरूलाई समायोजन गरी कार्यक्रमको अन्त्यमा नरनाथ लुइँटेलले समग्र निचोड पेश गर्नु भएको थियो। उक्त अन्तर्क्रिया कार्यक्रममा कृष्णा वि.सी., रक्षा बस्याल, मिना पराजुली, माया प्याकुरेल, राधा महत, उर्मिला शाह, कल्पना श्रेष्ठ आदिले महिला समस्याको बारेमा बोल्नु भएको थियो। कार्यक्रमको संचालन इन्सेक मध्यपश्चिमाञ्चल संयोजक सूर्यप्रकाश भट्टराईले गर्नु भएको थियो।

**धनगढी**

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) सुदूर पश्चिमाञ्चल क्षेत्रीय कार्यालयको आयोजनामा ०५३ असोज १८ गते कैलालीमा महिला अन्तर्क्रिया कार्यक्रम सम्पन्न भयो। द्वारिकादेवी ठकुरानीको प्रमुख आतिथ्यमा सम्पन्न उक्त कार्यक्रमको सभापतित्व र संचालन क्रमशः कुलराज घिमिरे र भोला महतले गर्नु भएको थियो भने स्वागत मन्तव्य चन्द्रा चौधरीले व्यक्त गर्नु भएको थियो। उक्त कार्यक्रममा शारदा

निरौला, शोभा शर्मा र पद्मा भट्टराईले नेपाली महिलाहरूको सम्बन्धमा विविध जानकारी गराउँदै कार्यक्रमको सफलताको कामना गर्नु भएको थियो। प्रमुख अतिथि द्वारिकादेवी ठकुरानीले कार्यक्रमको उद्घाटन गर्दै सबै महिलाहरू एकजुट भएर ग्रामीण इलाकामा चेतना छर्दै अधिकार प्राप्तिको लागि आवाज उठाएमा समस्याको समाधान हुन्छ भन्नु भयो। उक्त अन्तर्क्रिया कार्यक्रममा देवी बोहराले "राजनीतिमा महिला सहभागिता" र इन्दिरा जैशीले "नेपालको कानून र महिला अधिकार" विषयक कार्यपत्र प्रस्तुत गर्नु भएको थियो। प्रस्तुत कार्यपत्रहरूमाथि सहभागी महिलाहरूलाई पाँच समूहमा विभाजन गरी क्रिया, प्रतिक्रिया र सुझावको माध्यमबाट निश्कर्ष निकालिएको थियो।

**पोखरा**

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) पश्चिमाञ्चल क्षेत्रीय कार्यालयद्वारा आयोजित क्षेत्रीय महिला अन्तर्क्रिया कार्यक्रम ०५३ असोज २२ गते पोखरामा सम्पन्न भयो। श्रीमती चन्द्रा गुरूङको सभापतित्व र इन्सेक क्षेत्रीय संयोजक देवी बास्कोटाको संचालनमा सम्पन्न उक्त कार्यक्रमका प्रमुख अतिथि पुनरावेदन अदालत कास्कीका न्यायधिश श्री श्यामबहादुर प्रधान हुनुहुन्थ्यो। कार्यक्रमका विशेष अतिथि इन्सेक अध्यक्ष सुशील प्याकुरेलले प्रजातान्त्रिक मुलुकमा महिलाहरू पछाडि पर्दै जानु चिन्ताको विषय हो भन्नुहुँदै महिलाहरू समान अधिकार प्राप्तिको निम्ति संघर्षरत हुँदै नीति निर्माण गर्ने तहसम्म अधिकतम रूपमा पुग्न सक्नु पर्दछ भन्ने इन्सेकको मान्यता रहेको बताउनु भयो। महिलाहरूले प्रजातान्त्रिक अधिकारहरूको उपभोग गर्न नपाइरहेको वर्तमान सन्दर्भमा आपसी अन्तर्क्रियाको माध्यमबाट संगठित हुँदै अगाडि बढ्न यो महिला अन्तर्क्रिया कार्यक्रमले निर्देश गर्न सकोस् भन्ने धारणा अध्यक्ष प्याकुरेलले व्यक्त गर्नु भयो। कूल ५३ जना महिलाहरूको सहभागिता रहेको सो कार्यक्रमको दोस्रो सत्रको संचालन र सभापतित्व क्रमशः इन्सेक महिला विभागकी कमला पराजुली र पद्मा देवी शर्माले गर्नु भएको थियो। कार्यक्रममा अनिता गुरूङले "कानूनी तथा पैत्रिक सम्पत्तिमाथि महिलाहरूको समान अधिकार" र लक्ष्मी कार्कीले "राजनीतिमा महिला सहभागिता र शहीद परिवारको वर्तमान अवस्था" विषयक कार्यपत्र प्रस्तुत गर्नु भएको थियो। कार्यपत्रमाथि शान्ति सिंह थापा र रत्न भट्टचनले टिप्पणी गर्नु भएको थियो भने सहभागीहरूद्वारा व्यापक छलफल गरी निश्कर्ष निकालिएको थियो। इन्सेक अध्यक्ष सुशील प्याकुरेलले उक्त निश्कर्ष सहभागीहरूमाझ पढेर सुनाउनु भएको थियो। सो अन्तर्क्रिया कार्यक्रममा अधिवक्ता भुपनिधि पन्त र नेकाका निर्मलप्रसाद कर्माचार्यले महिलाहरूको स्थितिको बारेमा बोल्दै कार्यक्रम सफलताको शुभकामना दिनु भएको थियो।

**विराटनगर**

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) पूर्वाञ्चल क्षेत्रीय कार्यालयद्वारा आयोजित महिला अन्तर्क्रिया कार्यक्रम ०५३ कार्तिक १३ गते विराटनगरमा सम्पन्न भयो। पुनरावेदन अदालतका न्यायधिश कृष्णप्रसाद उपाध्यायद्वारा उद्घाटित उक्त कार्यक्रमको सभापतित्व र संचालन क्रमशः श्रीमती लक्ष्मी श्रेष्ठ र इन्सेक पूर्वाञ्चल संयोजक दशरथ वुढाथोकीले गर्नु भएको थियो। कार्यक्रमका सहभागीहरूलाई स्वागत गर्दै इन्सेक महिला विभाग संयोजक कमला पराजुलीले कार्यक्रमको औचित्यमाथि प्रकाश पार्नु भएको थियो। त्यसैगरी नेपाल वार एशोसियसन मोरङका अध्यक्ष तुलबहादुर श्रेष्ठ, फरेन मोरङका अध्यक्ष चुडामणि आचार्य र अधिवक्ता सुशीला कार्कीले महिला हक अधिकारको बारेमा आ-आफ्नो विचार व्यक्त गर्नु भएको थियो। कूल ३३ जना सहभागी रहेको उक्त कार्यक्रमको दोस्रो सत्रको सभापतित्व हर्षकुमारी थपलियाले गर्नु भएको थियो। कार्यक्रममा "नेपालमा महिला हक सम्बन्धी कानून र यसको कार्यान्ववयन पक्ष" र "महिला आन्दोलनको अवस्था" विषयक कार्यपत्रहरू क्रमशः सुशीला कार्की र विश्वेश्वरा दाहालले प्रस्तुत गर्नु भएको थियो। कार्यपत्रहरूमाथि ३ समूहमा विभाजित समूहहरूबाट छलफल गरी निचोडहरू पेश गरिएको थियो। सामूहिक निश्कर्ष पश्चात कार्यक्रमको अन्त्यमा इन्सेक महिला विभाग संयोजक कमला पराजुलीले कार्यक्रमबाट निकालिएका निश्कर्षहरूलाई व्यवहारमा उतार्नु पर्ने कुरामा जोड दिनु भएको थियो।

■

## मंसीर महिनाका हाम्रा कार्यक्रमहरु

- ■ **जातीय उत्थान सम्बन्धी क्षेत्रीय परामर्श कार्यक्रम**
  - **नेपालगञ्ज (मंसीर ६-७)**
  - **विराटनगर (मंसीर २९-३०)**
- ■ **सरकारी विद्यालय गोष्ठी**
  - **पोखरा (मंसीर २-३)**
- ■ **संगठन विकास तथा व्यवस्थापन तालिम**
  - **नेपालगञ्ज (मंसीर १३-१५)**
- ■ **वर्ष पुस्तक समीक्षा गोष्ठीहरु-**
  - **विभिन्न मिति र विभिन्न जिल्लामा**

# इलाम जेल :

# क्षमता भन्दा बन्दी धेरै

***इलाम जिल्ला कारागारको अवस्थाको बारेमा इन्सेकका इलाम जिल्ला प्रतिनिधि सुश्री शोभा पराजुलीले पठाउनु भएको प्रतिवेदनको सार संक्षेप प्रस्तुत गरिएको छ***

इलाम जिल्ला कारागार ग श्रेणीको कारागारमा पर्दछ। ५० जना पुरूष र ५ जना महिला गरी कूल ५५ जनाको क्षमता भए पनि हाल ८२ जना पुरूष, ८ जना महिला गरी कूल ९० जना वन्दीहरू यो जेलमा रहेका छन्। यी बाहेक १ जना वालक र १ जना वालिका आश्रित रूपमा जेलभित्र रहेका छन्। क्षमताभन्दा झण्डै दोब्बर बन्दी संख्या रहेकोले



जेलको साधन र श्रोत बन्दीहरूको लागि अपर्याप्त देखिन्छ।

इलाम जेलमा खानेपानी र उज्यालोको व्यवस्था त छ। तर वन्दी गृह अगाडि नै धारो भएकोले वर्षायाममा वन्दीहरू सुत्ने कोठामा पानी पसेर निकै चिसो हुने गर्दछ। वन्दीहरूका लागि ४ वटा चर्पीको व्यवस्था भएता पनि ९० जनाको लागि पर्याप्त छैन। चर्पीको कमीका कारण हरेक बिहान चर्पी जाने समयमा वन्दीहरू तँछाड मछाड गर्नु पर्ने हुन्छ। साँगुरो ठाउँमा कोचिएर बस्नु परेकोले वन्दीहरूलाई रोगले आक्रमण गर्नु स्वभाविकै हो। तर जेलको क्षमता अनुरूप जम्मा ५५ जनालाई मात्र उपचार खर्च आउने भएकोले ९०/९२ जनालाई पुग्ने संभावना नै हुँदैन।

जेलमा वन्दीहरूको लागि पत्रपत्रिका, खेलकुदका सामाग्री इत्यादी सुविधाहरूको कुनै व्यवस्था छैन। आफ्नै मेहनत र सिपले मुडा तथा विभिन्न सजावटका सामानहरू बनाउँछन्। तर पनि उनीहरूलाई कुनै सिपमूलक तालिम र रोजगारमूलक काममा लगाइएको छैन। बहुदलीय व्यवस्थाको स्थापना पश्चात पनि जेल सुधार सम्बन्धमा कुनै चासो नदेखाइएकोमा वन्दीहरू आश्चर्य प्रकट गर्दछन्। वन्दीहरूको उपयुक्त स्वास्थोपचारको व्यवस्था गरिनु पर्ने, कारागारमा कसैलाई यातना दिन नहुने, यातना दिनेहरूमाथि उचित कारवाही गरिनु पर्ने, बन्दीहरूप्रति गरिने अनैतिक भेदभाव हटाउनु पर्ने, उनीहरूले पाउनु पर्ने जति सुविधाहरू स-सम्मान उपभोग गर्न पाउनु पर्ने, कानून बमोजिम अदालतमा पेश हुन पाउनु पर्ने आदि मागहरू वन्दीहरूले उठाएका छन्।

इलाम जेलका वन्दीहरू जेललाई सुधारगृहको रूपमा व्यवस्थित गर्नु पर्ने र वन्दीहरूप्रति उचित मानवीय आचरण निर्माणको निम्ति शिक्षा दिई असल नागरिक बनाएर समाजमा फर्काउनु पर्ने धारणा व्यक्त गर्दछन्। वन्दीहरूका अनुसार इलाम जेलमा प्रशासनको व्यवहार अझै पनि ७० प्रतिशत भन्दा बढी अमानवीय छ। यसका साथै पूर्पक्ष्यको लागि थुनामा राखी इलाम जिल्ला अदालतमा मुद्दाको कारवाही भइरहेका छितेन शेर्पा र उनकी आमा श्रीमती दावाफुती शेर्पालाई कसैसंग भेटघाट गर्न दिइएको छैन।

"कैदीहरू आफ्नो कैद अवधि समाप्त भएपछि समाजमा फर्कन्छन्। तर उनीहरूलाई जेलमा कुनै पनि सिपमूलक तालिम नसिकाइने हुँदा उनीहरूमा कुनै सिप हुँदैन। तसर्थ उनीहरूमा आत्मग्लानी हुन्छ। जसले गर्दा उनीहरू पुनः अपराधिक गतिविधिमा संलग्न हुने गर्दछन्। कारागारमा कैद तथा थुनुवाहरूलाई राम्रा कामहरूमा सरिक बनाउनु पर्दछ। प्रत्येक कारागारमा कैदीहरूलाई विभिन्न सिपमूलक तालिमहरू प्रदान गर्ने हो भने उनीहरू कैदमुक्त भएपछि समाजप्रति उत्तरदायी हुन्छन्। यसबाट उनीहरूमा श्रृजंनात्मकता थपिन्छ र अपराधिक गतिविधिमा संलग्न हुँदैनन्। यसले गर्दा अपराध समेत कम हुने गर्दछ।" इलाम जेलका जेलर यस्तो धारणा व्यक्त गर्दछन्।

यसरी देशका कारागारहरूलाई व्यवस्थित गर्नको निम्ति कारागार ऐन बनेको भएता पनि उक्त ऐन केवल ऐनमा नै सीमित छ, व्यवहारमा लागु भएको छैन। जेल अपराध नियन्त्रण गर्नको निम्ति बनाइएको निकाय हो। मानिसहरूलाई अपराध गर्नबाट हतोत्साहित बनाउनु नै यसको उद्देश्य हो। तसर्थ बन्दीहरूलाई सामाजिक कामहरूमा संलग्न गराउनको निम्ति विभिन्न श्रृजनात्मक कदमहरू चाल्नु पर्दछ। वन्दीहरूलाई मनोवैज्ञानिक रूपले "समाजमा हामीहरूले राम्रो काम गरेर देखाउनु पर्दछ। अपराध सम्पूर्ण मानिसको निम्ति कलंक हो" भन्ने कुराको वोध गराउनु पर्दछ। अहिलेको आवश्यकता मनेको जेलको भौतिक अवस्था सुधार गर्दै वन्दी वा थुनुवाहरूका निम्ति रचनात्मक क्रियाकलापहरू संचालन गर्नु हो।

■

## रेडियोमा मानवअधिकार शिक्षा :

# गत असोज महिनाको रेडियो कार्यक्रम

हरेक शनिवार विहान ८.३० बजे रेडियो नेपालद्वारा प्रशारित मानवअधिकार शिक्षा कार्यक्रमले धेरै नै सफलता पाएको कुरा श्रोताहरूले पठाउनु भएका असंख्य पत्रहरूले बताइरहेका छन। धेरै श्रोताहरूले अझै पनि यसको समय बढाउनु पर्ने माग गरिरहनु भएको छ। यसले गर्दा हाम्रो हौसला अझ बढ्न गएको छ। र प्रत्येक कार्यक्रममा हामी श्रोताहरूकै चाहनाका आधारमा कार्यक्रम प्रस्तुत गर्ने प्रयत्न गरिरहेका छौं। विविध विषय वस्तु समेटिने यस कार्यक्रममा असोज महिनामा निम्न बिषयहरूमा केन्द्रित भइ कार्यक्रम प्रसारण गरिएको थियो।

२०५३ असोज ५ गते रेडियोबाट महाकाली सन्धि सम्बन्धि विषेश कार्यक्रम प्रसारण गरिएकोले हामीले मानवअधिकार शिक्षा कार्यक्रम प्रस्तुत गर्न सकेनौं।

असोज १२ गतेको कार्यक्रममा हामीले श्रोताहरूका पत्रका आधारमा जातीय छुवाछूत प्रथाको नेपालमा कसरी आगमन हुन गयो भन्ने कुरालाई समावेश गरेका थियौं। उक्त कार्यक्रममा भनिएको थियो- नेपाली भू-भागमा बुद्धकालदेखि आजसम्म जातपात र छुवाछूत विरूद्ध अनेकौं सुधारवादी विचार र संघर्ष देखा पर्दै आएका छन् र हालैका दशकहरूमा यस उत्पीडनबाट मुक्तिको निम्ति अनेकौं क्षेत्रबाट काम र संघर्ष हुँदै आएका छन। फलस्वरूप जातपात र छुवाछूत प्रथालाई संविधान र ऐनकानूनले निषेध गर्ने ऐतिहासिक चरणमा हामी आइपुगेका छौं। तर हजारौं वर्षको कुसंस्कारको कुहिगन्धे हिलोको ताल परेको समाजमा विधान र कानूनको उल्लेखले मात्र यस महारोगको निर्णायक उपचार हुन सक्दैन।

असोज १९ गतेको कार्यक्रममा बालश्रमका वारेमा चर्चा गरिएको थियो। संयुक्त राष्ट्र संघको बालअधिकार सम्बन्धी अभिसन्धिकै मर्म अनुसार हाम्रो देशमा बालबालिका सम्बन्धी ऐन,२०४८ बनाइ लागूसमेत गरिसकिएको छ। “बालबालिकाको हक, हितको संरक्षण गरी तिनीहरूको शारीरिक, मानसिक र बौद्धिक विकास गर्न समयानुकूल कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले“ उक्त ऐन लागू गरिएको कुरा ऐनको प्रस्तावनामै उल्लेख गरिएको छ।“ बालबालिकाको उचित संरक्षण र बालअधिकारको स्थापना हुन सकेन भने देशले चौतर्फी बिकास हासिल गर्न सक्दैन। आज यो कुरो प्रति सैद्धान्तिक रूपमा सबैले सहमति जनाइ सकेका छन। यस कार्यक्रममा यी कुराहरूलाई समावेश गरिएको थियो।

असोज २६ गतेको कार्यक्रममा नैरोवी घोषणा पत्र र पासाङ्ग ल्हामु घोषणा पत्रका आधारमा महिलाहरूका हक अधिकारका वारेमा विस्तृत चर्चा गरिएको थियो। नैरोवी घोषणा पत्रका आधारमा महिला र पुरूष वीचको समानताका वारेमा भनिएको थियो “ महिला र पुरूषको समानतालाई प्रवर्द्धन गर्ने क्रममा कानून सामु सरकारले दुवैका लागि समानता, शैक्षिक अवसर र तालीम, स्वास्थ्य सेवाको समानता, पारिश्रमिक तथा उपयुक्त सामाजिक सुरक्षा सहित रोजगारीका अवस्था र अवसरहरूमा समानताका लागि सुबिधाका व्यवस्थाहरू सुनिश्चित गर्नु पर्दछ। बैवाहिक स्तरको वास्ता नगरी समान अवस्थामा पुरूष र महिलाको अधिकार कार्यान्वियन गर्न र आर्थिक क्रियाकलापका सम्पूर्ण क्षेत्रमा तिनको समान पहुँचलाई कार्यान्वियन गर्न सरकारले उपायहरूको पहिचान र संचालन गर्नु पर्दछ।

श्रोताहरूका राय, सुझाव, प्रश्न र जिज्ञासाहरूलाई बढि भन्दा बढि समावेश गर्न हामीले श्रोताहरूका पत्रलाई गएको अभियान अंकदेखि समावेश गर्दै आएका छौं। बुङ्ग गा.वि.स., वार्डनं. -१ पात्ले, सोलुखुम्बुका आर.बि. बस्नेत कुनै पनि व्यक्तिलाई जातिपातिको आधारमा छुवाछूतको भेदभाव गरी सार्वजनिक स्थलमा उपस्थित हुन वा सार्वजनिक उपयोगका कुराहरूको प्रयोगबाट बञ्चित गरिन्छ भने यस्तो कार्य गर्नु मानवअधिकारको हनन भएको मानिदैन भनि सोध्नु हुन्छ। यदि कानूनमा यस्तो कार्य गर्ने व्यक्तिलाई दण्ड सजाय गर्ने प्रावधान छ भने किन त्यसको प्रयोग गरिदैंन भनि उहाँ सोध्नु हुन्छ। त्यस्तै गरेर नुवाकोट आदर्श बहुमुखी क्याम्पस बि.ए. “दोस्रो वर्षमा अध्ययनरत नुवाकोटका विद्यार्थी एम दिप विश्वकर्मा मानवअधिकारका वारेमा आफ्नो धारणा यसरी व्यक्त गर्नु भएको छ।- मानव जातिको लागि मानवअधिकार वास्तवमा जन्मसिद्ध अधिकार हो। नेपाल अधिराज्यको संविधान २०४७ ले मानवअधिकारको पूर्ण ग्यारेन्टी गरेको छ। तर कागजमा मात्र सीमित राखेर व्यवहारमा आमूल परिवर्तन नहुने हो भने संविधान र कानूनमा उल्लेख गर्नु संविधान र मानवअधिकारको नै खिल्ली उडाउनु हो। जबसम्म मानव जातिले आफ्नो अधिकारको रक्षा र खोजी अनि अरूको अधिकारको सम्मान गर्न जान्दैन तबसम्म मानव अधिकारको हनन भइरहने छ जस्तो लाग्छ। यसको लागि सम्पूर्ण गैरसरकारी संस्था र सरकारी तवरबाट समेत वृहत्तर योजना संचालन गरी गाउँ, टोल र घरघरमा जनचेतना जगाउनु पर्छ।

यही क्रमले कार्यक्रम अगाडि वढेमा मानवअधिकार सम्बन्धी शिक्षा फैलाउन कार्यक्रम सफल हुनेछ। ■

# कार्यक्रम विविध

## शिक्षक गोष्ठी

### सिन्धुपाल्चोक

सिन्धुपाल्चोकको सदरमुकाम चौतारामा ०५३ असोज ७ गते गतिशील ग्रामीण उत्थान समूहको आयोजनामा सरकारी विद्यालयका शिक्षकहरूको गोष्ठी सम्पन्न भयो। उक्त गोष्ठीमा इन्सेकका क्षेत्रीय संयोजक राजनारायण नेपालीले इन्सेक अभियान र मानवअधिकारको ऐतिहासिक अवधारणा सम्बन्धमा प्रकाश पार्नु भएको थियो। संस्थाका अध्यक्ष कृष्णराज श्रेष्ठले संस्था परिचय गराउनु भएको उक्त कार्यक्रममा ७ वटा विद्यालयका शिक्षकहरूको उपस्थिति थियो।

### कैलाली

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) सुदूर पश्चिमाञ्चल क्षेत्रीय कार्यालयको आयोजनामा ०५३ असोज १९ गते कैलालीमा सरकारी विद्यालयका शिक्षकहरूको गोष्ठी सम्पन्न भयो। कूल ३५ जनाको सहभागिता रहेको उक्त गोष्ठीमा इन्सेक क्रियाकलाप संयोजक देविकानन्द तिमिल्सिनाले "वाल अधिकार सम्बन्धी ऐतिहासिक अवधारणा", इन्सेक सुदूर पश्चिमाञ्चल संयोजक कुलराज घिमिरेले "नेपालको संविधान र वाल अधिकार" र इन्सेक केन्द्रीय कार्यालयका दिप सिलवालले "नेपालको कानूनमा वाल अधिकार र विद्यालयमा संचालन गरिने भावी कार्यक्रम" विषयमा प्रशिक्षण दिनु भएको थियो। तत्पश्चात डा. हेमराज पन्तको प्रमुख आतिथ्यमा सम्पन्न समापन कार्यक्रमको सभापतित्व र संचालन क्रमशः कुलराज घिमिरे र भोला महतले गर्नु भएको थियो। सो अवसरमा देविकानन्द तिमिल्सिना र मासमका पदमराज जोशीले मानवअधिकार शिक्षाको बारेमा चर्चा गर्नु भएको थियो।

### काभ्रे

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) मध्यमाञ्चल क्षेत्रीय कार्यालयको आयोजनामा ०५३ असोज २३ र २४ गते मध्यमाञ्चल स्तरीय सरकारी विद्यालय शिक्षक गोष्ठी काभ्रेको वनेपामा सम्पन्न भयो। सांसद केशव बडालको प्रमुख आतिथ्यमा सम्पन्न उक्त गोष्ठीको सभापतित्व र संचालन क्रमशः इन्सेक अध्यक्ष सुशील प्याकुरेल र केदार कोइरालाले गर्नु भएको थियो। गोष्ठीमा मणिराज कायस्थ, शिला कतिला, भिष्म प्रताप थापा, रामप्रसाद अधिकारी लगायतका वक्ताहरूले आ-आफ्नो मन्तव्य व्यक्त गर्नु भएको थियो। उक्त गोष्ठीमा वालअधिकारको बारेमा इन्सेक कार्यक्रम संयोजक कृष्ण उपाध्यायले प्रकाश पार्नु भएको थियो। १० जिल्लाका कूल ७७ जना शिक्षकहरूको सहभागिता रहेको उक्त गोष्ठीमा सहभागीहरूलाई १० वटा समूहमा विभाजन गरी "वाल समस्या र संरक्षणका उपायहरू" शीर्षक अन्तर्गतका विभिन्न वुँदाहरूमा समूहगत छलफल गरिएको थियो।

## वाल दिवस

### धनकुटा

मानवअधिकार सामाजिक सचेतन र विकास केन्द्र (हुसाडेक) धनकुटाद्वारा ०५३ भदौ ४ गते वालदिवसको अवसरमा धनकुटा नगर स्तरीय अन्तर प्रा.वि. कविता प्रतियोगिता आयोजना गरियो। वाल अधिकार विषयक उक्त प्रतियोगितामा ९ वटा प्रा.वि.का १५ जना विद्यार्थीहरूले भाग लिएका थिए। प्रतियोगितामा प्रथम द्वितीय, तृतीय र सान्त्वना हुने क्रमशः रञ्जन अधिकारी, सदन दाहाल, वेविता अधिकारी र किरणराज अधिकारीलाई प्रमुख अतिथि रामबहादुर श्रेष्ठद्वारा पुरस्कार एवं प्रमाणपत्र वितरण गरिएको थियो। त्रिवेणी निमाविमा सम्पन्न उक्त प्रतियोगिताको संचालन विदुर सुवेदीले र सभापतित्व हेमचन्द्र भण्डारीले गर्नु भएको थियो।

### अर्घाखाँची

प्रकाश सचेतन समूह (प्राग) अर्घाखाँचीको आयोजनामा ०५३ भदौ ४ गते सन्धिखर्क-६ स्थित सन्धिखर्क बोर्डिङ स्कूलमा वाल दिवस कार्यक्रम सम्पन्न भयो। दुर्गाप्रसाद भुसालको प्रमुख आतिथ्यमा सम्पन्न उक्त कार्यक्रमको सभापतित्व र संचालन क्रमशः इन्द्रबहादुर क्षेत्री र बाबुराम गैरे शर्माले गर्नु भएको थियो। २७० जनाका उपस्थिति रहेको उक्त कार्यक्रमका वक्ताहरूले वाल दिवसको महत्व, वाल वालिकाहरूको स्थिति, वाल श्रम तथा वाल अधिकारको सम्बन्धमा प्रकाश पार्नु भएको थियो। कार्यक्रमको अन्त्यमा उपस्थित वालवालिकाहरूलाई मिठाई वितरण पनि गरिएको थियो।

### बारा

मानवअधिकार जागरण केन्द्र (हरेक) वाराको आयोजनामा ०५३ भदौ ४ गते ने.रा.प्रा.वि.स्वैरामा वाल दिवस कार्यक्रम सम्पन्न भयो। हरिप्रसाद उप्रेतीको प्रमुख आतिथ्यमा सम्पन्न उक्त कार्यक्रमको सभापतित्व र संचालन क्रमशः



गुरूप्रसाद चौधरी र लोकनाथ प्रसाद चौधरीले गर्नु भएको थियो। कार्यक्रममा विमलप्रसाद चौधरी, वासुदेव चौधरी, सरस्वती रिमाल, गोविन्दप्रसाद पौडेल लगायतका वक्ताहरूले वाल दिवस र वाल अधिकार सम्बन्धी विविध विषयहरूको बारेमा चर्चा गर्नु भएको थियो।

## प्रशिक्षण कार्यक्रम

### बारा

मानवअधिकार जागरण केन्द्र (हुरेक) बाराको आयोजनामा ०५३ असोज ५ गते अमाव गाविस-४ पडरीमा कृषि मजदूरहरूको प्रशिक्षण कार्यक्रम सम्पन्न भयो। केवलप्रसाद चौधरीको प्रमुख आतिथ्यमा सम्पन्न उक्त कार्यक्रमको सभापतित्व र संचालन क्रमशः नरसिंह चौधरी र वालमुकुन्द चौधरीले गर्नुभएको थियो। उक्त कार्यक्रममा लोकनाथ प्रसाद चौधरी, भगवान पौडेल, वासुदेव चौधरी, विश्वनाथप्रसाद चौधरी, वासु चौधरी र जयसिंह चौधरी लगायतका वक्ताहरूले नेपाल अधिराज्यको संविधान ०४७ र मानवअधिकार, वाँधा मजदूर, इन्सेकले गरेका कार्यहरू तथा किसान हक हितको बारेमा प्रष्ट पार्नु भएको थियो। कूल ६७ जनाको उपस्थिति रहेको उक्त कार्यक्रममा त्रियोगीप्रसाद चौधरीले स्वागत मन्तव्य व्यक्त गर्नु भएको थियो।

## प्रशिक्षक प्रशिक्षण कार्यक्रम

### नेपालगञ्ज

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) र संयुक्त राष्ट्र संघको वैंककस्थित एशीया प्रशान्तको लागि आर्थिक र सामाजिक आयोग (इस्क्याप) को आयोजना तथा स्थानीय विकास मन्त्रालयको सहयोगमा ०५३ असोज ६ देखि १२ गतेसम्म "नेपालको विकासमा युवाहरूको भूमिका" विषयक प्रशिक्षक प्रशिक्षण कार्यक्रम नेपालगंजमा सम्पन्न भयो। वाँके जिल्लाका जिविस सभापति ओमप्रकाशजंग राणाले उद्घाटन गर्नु भएको उद्घाटन समारोहको सभापतित्व इन्सेक अध्यक्ष सुशील प्याकुरेलले गर्नु भएको थियो। उक्त समारोहको संचालन इन्सेक मध्यपश्चिमाञ्चल संयोजक सूर्यप्रकाश भट्टराईले गर्नु भएको थियो भने वाँकेका स्थानीय विकास अधिकार शारदाभक्त पौडेल, इस्क्यापका युवा ट्रेनिङ विशेषज्ञ लरेन्स सुरेन्द्र लगायतका वक्ताहरूले बोल्नु भएको थियो। कूल ४० जना सहभागीहरूले भाग लिएको उक्त कार्यक्रम ग्रामीण तहका निम्न वर्गका मानिसहरूमा आय आर्जन कार्यक्रम कसरी संचालन गर्ने भन्ने बारेमा केन्द्रित थियो। उक्त प्रशिक्षण कार्यक्रममा इस्क्यापका लरेन्स सुरेन्द्र, वंगलोर कानून स्कूलका माइकी क्रेडिट विशेषज्ञ पूजा कौसिक, डा. शिव शर्मा र मनसा ठकुराठीले प्रशिक्षण दिनु भएको थियो। कार्यक्रमको अन्त्यमा ग्रामीण विकास प्रशिक्षण केन्द्र नेपालगञ्जका प्रिन्सिपलद्वारा सहभागीहरूलाई प्रमाणपत्र वितरण गरिएको थियो।

## सचेतन सभा सम्पन्न

### गुल्मी

रेसुङ्गा मानवअधिकार सचेतन संस्था गुल्मीको आयोजनामा ०५३ भदौ ७ गते मजुवा गाविस-७ मा छलफल एवं सचेतन सभा सम्पन्न भयो। गणेश श्रेष्ठको प्रमुख आतिथ्य, धनबहादुर कुमालको सभापतित्व र चिरञ्जीवी पोखरेलको संचालनमा सम्पन्न उक्त सभाका वक्ताहरूद्वारा मानवअधिकार र यसको वर्तमान अवस्थाको बारेमा प्रकाश पारिएको थियो।

त्यसैगरी भदौ ८ गते हुगा गाविसमा भएको छलफल एवं सचेतन सभामा शिक्षा र मानवअधिकारको महत्व, नेपालमा मानवअधिकारको स्थिति र यसको रक्षा र विकासमा जनताको भूमिका विषयमा वक्ताहरूद्वारा प्रष्ट पारिएको थियो। गणेश श्रेष्ठको प्रमुख आतिथ्यमा सम्पन्न उक्त सभाको सभापतित्व र संचालन क्रमशः जीवलाल न्यौपाने र नर्मदा भण्डारीले गर्नु भएको थियो।

## साक्षरता एवं सचेतन कार्यक्रम

### पाँचथर

मानवअधिकार चेतना र विकास केन्द्र (हुकोडेक) पाँचथरको आयोजनामा ०५३ असोज ३, ४, ५ र ६ गते क्रमशः रानीटार-६ इथुङ्ग, पौवासार्ताप, सराड डाँडा-३ खान्द्रोङ र फाक्तेप-२ मा गरी कूल ४ वटा साक्षरता एवं सचेतन कक्षाहरूको उद्घाटन गरियो।

### स्याङ्जा

मानवअधिकार शिक्षा एवं विकास केन्द्र (हुरेड) स्याङ्जाको आयोजनामा उक्त जिल्लाको निर्वाचन क्षेत्र नं. ३ को मालुंङ्गा र निवुवाखर्कमा संचालन हुने साक्षरता कक्षाहरूको उद्घाटन कार्यक्रम क्रमशः ०५३ असोज ४ र ६ गते सम्पन्न भयो।

## क्षेत्रीय मूल्यांकन प्रतियोगिता

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) सुदूर पश्चिमाञ्चल क्षेत्रीय कार्यालयको आयोजनामा ०५३ असोज १५ गते उद्योग वाणिज्य संघ कैलालीमा मानवअधिकार शिक्षा तथा सचेतन कार्यक्रम ०५२।५३ को क्षेत्रीय मूल्यांकन प्रतियोगिता कार्यक्रम सम्पन्न भयो। इन्सेक क्रियाकलाप संयोजक देविकानन्द तिमिल्सिनाको प्रमुख आतिथ्यमा सम्पन्न उक्त कार्यक्रमको सभापतित्व र संचालन क्रमशः इन्सेक सुदूर पश्चिमाञ्चल संयोजक कुलराज घिमिरे र सिद्धराज भट्टले गर्नु भएको थियो। प्रतियोगितामा सल्यानकी कमला कुमारी बुढाथोकी प्रथम, डडेल्धुराका भिम टमटा द्वितीय र डोटीकी चम्पादेवी ओभा तृतीय हुनु भएको थियो। प्रथम, द्वितीय र तृतीय हुने प्रतियोगीहरूलाई क्रमशः रू. १५००।-, रू. १०००।- र रू. ८००।- पुरस्कार तथा प्रमाणपत्र वितरण गरिएको थियो।

# मानवअधिकारको सरल संस्करण

## स्वास्थ्य

स्वस्थ रहन पाउनु पर्ने अधिकार आधारभूत मानवअधिकार हो र स्वास्थ्य नै विकासको एक पक्ष पनि हो। विश्वमा देखा परेका सबै विकासका लक्ष मानव समुदायको सुख र समृद्धि हो र त्यसो भन्नु मानिसको स्वाथ्यलाई प्रमुखता दिनु पनि हो। एकातिर विश्व स्वास्थ्य संगठन लगायतका निकायहरूको यस्तो अवधारणा छ भने अर्को तिर विश्वका जनताको स्वास्थ्यमा व्यापक असमानता छ। गरीव र धनी राष्ट्रका जनताको जीवनस्तरमा रहेको चर्को असमानताले स्वास्थ्यमा पनि प्रभाव पारेको छ। शुद्ध खानेकुरा, पानी अनि प्राथमिक उपचारको अभावले समेत विश्वमा लाखौं मानिस र केटाकेटीहरू मर्दैछन्। यस्तो असमानता रहनु संयुक्त राष्ट्रसंघद्वारा घोषित मानवअधिकारहरूको विश्वव्यापी घोषणा तथा अन्य कतिपय अन्तर्राष्ट्रिय संविदाहरू विपरित कुरो हो। त्यसैले विश्वभर नै स्वास्थ्यलाई अधिकारको रूपमा लिइएको छ। कक्षामा विद्यार्थीहरू वीच विश्व स्वस्थ्य संगठन र संयुक्त राष्ट्र संघका अन्य स्वास्थ्य सम्बन्धी प्रावधान वा समझदारी पत्रहरू बारे छलफल गर्नु पर्छ। विद्यार्थीहरूलाई कक्षामा नियमित रूपमा स्वास्थ्य शिक्षा र स्वस्थ भएर बाँच्न गर्नुपर्ने न्यूनतम कामहरू बारे जानकारी दिनु पर्छ अनि सरसफाईको आवश्यकता र उनीहरूले त्यसको लागि के के गर्ने गरेका छन् भन्ने बारेमा छलफल चलाउनु पर्छ। कक्षामा डाक्टर वा स्वास्थ्य चौकीका स्वास्थ्य कार्यकर्तालाई निमन्त्रणा गरी कसरी स्वस्थ रहन सकिन्छ भन्ने बारेमा बताउन अनुरोध गर्न सके राम्रो हुन्छ। सन् दुई हजार सम्ममा सबैका लागि स्वास्थ्य भन्ने विश्व स्वास्थ्य संगठनको लक्ष्य कसरी सफल बनाउन सकिन्छ भन्ने बारेमा पनि विद्यार्थीहरू वीच छलफल चलाउनु पर्छ।

**हाम्रा पुराना प्रकाशनबाट**

## सरकार र कानून

हामीले बुझिसकेका छौ मानवअधिकार मानिसको कुनै पनि बेला कसैले पनि हरण गर्न नहुने अधिकार हो। कुनै देशको कानूनले मानवअधिकारहरू नदिएको भए पनि त्यसको दावी गर्ने अधिकार सम्पूर्ण मानव जातिमा छ। प्रत्येक मानिसको बाँच्ने अधिकार छ। यद्यपि त्यो अधिकारलाई कुनै देशको कानूनले उल्लेख गरोस् वा नगरोस्।

कानूनले मानवअधिकारको रक्षा र विकासका लागि गरिने, संघर्ष वा दबाबलाई नैतिक शक्ति प्रदान गर्छ, सरकार, पुलिस, अदालत र प्रशासनलाई मानवअधिकारको रक्षाका लागि नैतिक रूपमा उत्तरदायित्व प्रदान गर्छ।

मानवअधिकारको क्षेत्रमा कार्यरत कार्यकर्ताहरू तथा सचेत जनताले सँधै मानवअधिकारको रक्षाका लागि कानून बनाउन सरकारलाई दबाब दिई राख्नु पर्छ। त्यसो भएमा मानवअधिकार भन्ने कुरो कानूनी अधिकारको रूपमा स्थापित गराउन सकिन्छ र मानवअधिकारको प्राप्ति, रक्षा र विकासका लागि गरिने विविध संघर्षमा अरू क्षेत्रलाई पनि प्रत्यक्ष रूपमा संलग्न गराउन सकिन्छ। त्यति मात्रै होइन चेतना अभिवृद्धिका लागि शैक्षिक कार्यक्रमहरू चलाउन पनि कानूनले निकै सघाउँछ, कानूनले समाज तथा व्यक्तिलाई पनि के गर्नु हुन्छ र के गर्नु हुँदैन भन्ने बारेमा बताउँछ, अनुचित कार्य नगर्न दबाब समेत दिन्छ। साथै कानूनले सबैलाई आफ्नो मातहतमा राख्दछ। यिनै सब कारणले कानूनको आवश्यकता पर्दछ।

कतिपय बेलामा सरकारले जनताको मानवअधिकार समेत हनन हुने गरी कानून बनाउने गरेको पनि पाइन्छ। त्यसो भएमा त्यस कुराको विरोध गर्नु पर्छ। हामीलाई संयुक्त राष्ट संघको बडापत्र र मानवअधिकारहरूको घोषणा पत्रले त्यस्तो आवाज उठाउन प्रसस्त आधार दिएको छ।

कानून बनाउनको लागि प्रत्येक मुलुकमा संसद वा परिषदको व्यवस्था गरिएको हुन्छ भने बनेको कानून अनुसार शासन चलाउन र त्यस कानून अनुसारको सुरक्षा प्रदान गर्न अदालत वा न्यायालयको व्यवस्था पनि गरिएको हुन्छ।

विद्यार्थीहरूलाई कक्षामा संसद वा अदालतका बारेमा बताउनु पर्छ। शिक्षकले आफ्नो मुलुकको संसदको चुनाव कसरी हुन्छ, संसदको गठन प्रक्रिया कस्तो छ र संसदले कानूनको निर्माण कसरी गर्छ भन्ने कुराको व्याख्या गर्नु पर्छ। संसदले बनाएको कानूनको अदालतले कसरी रक्षा गर्छ भन्ने कुरा पनि बताउनु पर्छ। साथै संविधानसंग बाझ्ने खालको कानून बनेमा सर्वोच्च अदालतले कसरी हस्तक्षेप गर्न सक्छ भन्ने बारेमा पनि बताउनु पर्छ। सम्भव भएसम्म केही संसद सदस्यहरूलाई समेत कक्षामा आमन्त्रण गरी व्याख्या गर्न लगाउनु उपयुक्त हुन्छ।

कानूनले दिएका अधिकारहरूको उपयोग र रक्षाका लागि अदालतले कसरी काम गर्छ भन्ने कुरो बुझाउन अदालतका न्यायाधीशहरूबाट व्याख्या गराउन सके राम्रो हुन्छ। अझ विद्यार्थीहरूलाई अदालतको प्रक्रिया र बहस हेर्न समूहमा विभाजन गरी लग्न सके व्यावहारिक रूपमै कानूनी प्रक्रिया बारे उनीहरूले जानकारी पाउन सक्छन्।

शिक्षकले विद्यार्थीहरूलाई यसै क्रममा संयुक्त राष्ट्र संघको निर्णय प्रक्रिया बारे पनि जानकारी गराउनुका साथै सुरक्षा परिषद र अन्तर्राष्ट्रिय न्यायालय बारे पनि जानकारी दिनु पर्छ। जसले गर्दा उनीहरूले अन्तर्राष्ट्रिय कानूनका बारेमा पनि प्रारम्भिक कुराहरू जान्न सक्छन्।

यों पाठबाट विद्यार्थीहरूले मूलतः तीन वटा कुराहरू थाहा पाउन सक्छन्। ती हुन् ः (क) कानूनको निर्माण र पालना कसरी हुन्छ (ख) न्याय कसरी दिइन्छ (ग) अदालतले कसरी निष्पक्ष भएर काम गर्छ।

**केही व्यावहारिक प्रकृया**
**अदालत सम्बन्धी**

कक्षामा रहेका विद्यार्थीहरूलाई समूहमा विभाजित गर्नु पर्छ र शिक्षकले उनीहरूकै सहयोगबाट झगडा वा मुद्दाको रूपमा लिन सकिने कुनै खास समस्याको छनौट गर्नु पर्छ। मानौं एउटा विषयमा दुई समूहको झगडा परेको छ। त्यसपछि ती दुवै पक्षलाई आ–आफ्नो तर्क पालैपालो प्रस्तुत गर्न दिनु पर्छ। त्यो भन्दा अघि दुई–तीन जनालाई न्यायधीशका रूपमा मनोनित गर्नु पर्छ। अब दुवै पक्षलाई संविधानले दिएको अधिकार र सम्भव भएसम्म कानूनका कुराहरू समेत उल्लेख गरी छलफल गर्न लगाउनु पर्छ। न्यायाधीशहरूले पनि आफ्नो तर्क प्रस्तुत गर्नु पर्छ। यसरी दोषीलाई दोषी ठहराउनु अघि न्यायाधीशहरूले पनि आफ्नो तर्क प्रस्तुत गर्नु पर्छ भन्ने बारेमा विद्यार्थीहरूले जान्ने छन्। अदालतको प्रकृयापछि शिक्षकले जित्ने र हार्ने पक्षका तर्कहरू कस्ता रहे, कसरी तर्कहरू प्रस्तुत गरिए भन्ने बारेमा टिप्पणी गर्नु पर्छ। जसले गर्दा उनीहरूले पछि अझ धेरै कुरा सिक्न सक्छन्।

मानवअधिकारको विश्वव्यापी घोषणाको सातौं धाराले "कानूनका अगाडि सबै बराबर छन्" भनेको छ। तर के यो कुरा व्यवहारमा पनि लागू भएको छ? छैन भने कहाँ–कहाँ छैन र किन छैन भन्ने बारेमा विद्यार्थीहरू वीच छलफल चलाएर उनीहरूलाई यस विषयमा निकै हदसम्म प्रष्ट पार्न सकिन्छ।

## विचार, धर्म, मत र अभिव्यक्तिको स्वतन्त्रता

विचार, धर्म, मत र अभिव्यक्तिको स्वतन्त्रताका बारेमा मानवअधिकारहरूको विश्वव्यापी घोषणाको धार १८ र १९ लगायत नागरिक तथा राजनैतिक अधिकारहरू र आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरूको अन्तर्राष्ट्रिय संविदाहरूमा विस्तृत रूपमा उल्लेख गरिएको छ। मानिसका उपरोक्त अधिकारहरूलाई कुनै पनि माध्यमद्वारा प्रत्यक्ष वा अप्रत्यक्ष ढंगले सीमित वा प्रतिबन्धित तुल्याउन पाइदैन। उपरोक्त अधिकारहरूको उपभोगका लागि मानिसले धर्म वा विचार परिवर्तन गर्न, विना कुनै हस्तक्षेप आफ्नो मत जाहेर गर्न, आफूलाई लागेको कुरा लेख्न वा समूहमा बोल्न र जुनसुकै संचारको माध्यमबाट जुनसुकै मुलुकबाट सूचनाहरू प्राप्त गर्न पाउनु पर्छ। उपरोक्त सिद्धान्तको आधारमा विद्यार्थीहरूमा केही व्यावहारिक ज्ञानको बृद्धि गराउनका लागि निम्न प्रकृयाहरू अपनाउनु ज्यादै उपयुक्त हुन्छ।

## अभिव्यक्ति स्वतन्त्रताको व्यावहारिक सन्दर्भ

विद्यार्थीहरूले मानवअधिकारको मूलभूत तत्वहरू मध्येको एक अझ भनौ बढी महत्वपूर्ण कुरो अभिव्यक्तिको स्वतन्त्रता हो भन्ने थाहा पाएपछि उनीहरूलाई आफ्नो स्वतन्त्रताको उपभोग गर्दा अरूको हनन नहोस्। स्वतन्त्रतामा पनि खलल नपुगोस भन्ने कुरामा सतर्क गराउनु पर्छ। उनीहरूलाई यो कुरो कक्षामा केही व्यावहारिक अभ्यासबाट सिकाउन सकिन्छ। कक्षा रहेका विद्यार्थीहरू भिन्दा–भिन्दै स्वाभावका हुन्छन्, कोही आफूलाई लागेको कुरो भनी हाल्ने हुन्छन्, कोही त्यसरी अभिव्यक्त गरी हाल्दैनन्। त्यस्तै कोही साथीहरूसित कुराकानी गर्दा नराम्रो शब्दहरू पनि प्याच्च बोली हाल्छन्, कोही नम्र स्वभावका हुन्छन्। कोही जिद्धी स्वभावका हुन्छन्, कोही अरूले भनेको सहजै मान्ने खालका हुन्छन्। यी कुराहरू कतिपय अभ्यासबाट उनीहरूले आफै बुझ्न सकुन भनी शिक्षकले विद्यार्थीहरूलाई आफूलाई मन नपर्ने कुराहरू वा दुर्गुणहरूको सूची तयार पार्न लगाउनु पर्छ। फेरी पछि आफूलाई मन पर्ने स्वभाव वा गुणहरूको सूची तयार पार्न लगाउनु पर्छ। यसो गरी सकेपछि विद्यार्थीहरूले सहजै अरूलाई पनि मन नपर्ने खालका वाक्य वा शब्दहरूको बारेमा जान्न सक्छन्। शिक्षकले उनीहरूलाई दुर्गुण छुटाउन प्रेरित गर्नु पर्छ। यसरी उनीहरू आफ्नो अभिव्यक्तिको स्वतन्त्रताले अरूलाई चोट नलागोस भन्ने कुरामा सचेत हुन पुग्छन्।

## भेला हुने र सार्वजनिक मामिलामा भाग लिन पाउन अधिकार

हामीले "मानवअधिकारको विश्वव्यापी घोषणा १९४८" पढिसकेका छौं। अब त्यसको धारा २० र २१ को अझै गम्भीरतापूर्वक अध्ययन गरौं। त्यसले हामीलाई के–के अधिकारहरू दिएको छ र ती अधिकारहरूबारे व्यावहारिक रूपमा विद्यार्थीहरूलाई कसरी बुझाउन सकिन्छ। शिक्षकले ध्यानदिनु पर्ने कुरो यही हो।

समाज भनेको नै एउटा संगठित निकाय हो। समाजलाई अगाडि बढाउन विभिन्न समुदायले आ–आफ्नो बारेमा छलफल गर्न भेला हुने अधिकार पाउनु पर्छ। चाहे समस्या देशको होस वा समुदाय वा परिवारकै वा भनौ कुनै पेशा वा व्यावशायकै होस् सबैले आ–आफ्नो विकासका लागि, हितकालागि सामूहिक छलफल गर्ने गर्छन् र गर्न पाउनु पर्छ। यो उनीहरूको परम्परागत अधिकार हो। भेला हुन पाएनन् भने मानिसहरूको विकास नै अबरूद्ध हुन्छ। भेला भएर, छलफल गरेर निष्कर्षहरूलाई लागू गर्न र आफ्नो क्षेत्रमा योगदान गर्न संगठनको आवश्यकता पर्छ। माथि नै भनि सकियो समाज पनि एउटा संगठित निकाय हो। त्यस्तै विद्यालय पनि एउटा संगठित निकाय हो।

भेला भएर छलफल गर्नु अनि संगठन निर्माण गर्नु- यी कुराहरूको मूल तात्पर्य नै सबैको चासोको विषय वा भनौ सार्वजनिक मामिलामा भाग लिनु हो।

विद्यालयमा पनि विद्यार्थीहरूलाई संगठन खोल्न सल्लाह र सहयोग प्रदान गर्नु पर्छ। यसरी संगठन निर्माण गर्नका लागि विद्यार्थीहरू भेला हुन्छन् र संगठनले गर्नु पर्ने काम बारे चर्चा गर्ने गर्छन्, निष्कर्ष निकाल्छन्। उनीहरूले एउटा प्रजातान्त्रिक प्रकृयाद्वारा चुनाव गरी संगठनको निर्माण गर्न सक्छन्। विद्यार्थीहरूलाई शिक्षकले विद्यालय वा त्यसभन्दा बाहिर पनि सार्वजनिक चासोका विषयहरू- सरसफाई, वातावरण अनि मानिसका अरू अधिकारहरू बारे छलफल गराउन सक्नु पर्छ। उनीहरूलाई सार्वजनिक कामहरूमा सरिक पनि गराउनु पर्छ। क्रमश .......

## संसदको दशौं अधिवेशनद्वारा पारित विधेयकका सन्दर्भमा

# मानवअधिकार आयोग एक चर्चा

नेपाल अधिराज्यको संविधानको प्रस्तावनामा "मानवअधिकार" बारे प्रतिबद्धता व्यक्त गरिएको भए पनि त्यस विषयमा संवैधानिक वा कानूनी संस्था नभएकोले सर्वाधिकार सम्पन्न शक्तिशाली उच्च स्तरीय आयोगको माग उठिरहेको थियो। अहिले पनि दिनहुँ मानवअधिकार उल्लंघनका थुप्रै घटनाहरू घटिरहेका छन्, पीडितले दुःख पाइरहेको छ, पिडकलाई कार्वाही गर्नको निम्ति उपयुक्त कानूनको अभावमा संवैधानिक प्रतिबद्धताले व्यावहारिक रूप लिन सकेको छैन। संसदको दशौं अधिवेशनमा गत वर्ष राष्ट्रिय सभामा गैर सरकारी विधेयकको रूपमा नेपाली कांग्रेसका सांसद पूर्व अर्थराज्यमन्त्री महेश आचार्यले पेश गरेको मानवअधिकार आयोग सम्बन्धी विधेयक संसदबाट पारित भएको छ। यद्यपि नेपालमा यस किसिमको पहिलो विधेयक भएकोले अहिलेसम्मको अभावलाई केही हदसम्म पूरा गरेको छ तथापि संवैधानिक प्रतिबद्धता र जनताको मौलिक हकको संरक्षणका निम्ति जनताले जुन किसिमको आयोगको अपेक्षा गरेका थिए त्यस किसिमबाट प्रस्तुत विधेयक आउन सकेको छैन।

सर्वप्रथम नेपालको संसदमा ०४९ फागुन ३ गते नेकपा (एमाले) का सांसद सुवास नेम्वाङ्गले मानवअधिकार आयोग सम्बन्धी एक राष्ट्रिय संकल्प प्रस्ताव राष्ट्रिय सभामा प्रस्तुत गर्नु भएको थियो। उक्त प्रस्तावलाई मानवअधिकार आयोगको आवश्यकता नभएको तर्कमा नेपाली कांग्रेस सांसदद्वारा अस्वीकार गरियो।

तत् पश्चात विभिन्न क्षेत्रबाट यस्तो आयोगको माग तिब्र रूपमा गर्न थालियो। ०५१ सालमा सर्वोच्च र पुनरावेदन अदालतका न्यायाधीशहरूको सम्मेलनले पनि मानवअधिकार आयोगको आवश्यकता देखाउँदै एक प्रस्ताव पारित गऱ्यो। इन्सेक, मासम, नेमाधिसं, सिभिकट, सिविन, इन्टुरेड इन्टरन्याशनल लगायतका मानवअधिकार संस्थाहरूद्वारा विभिन्न समयमा आयोग र तत् सम्बन्धी विधेयक पास गर्न मापदण्ड सहितको माग गर्दै जनस्तरमा समेत आफ्ना धारणा सार्वजनिक गरियो।

विगतको नेकपा (एमाले) को सरकारले विभिन्न मानवअधिकारवादी संघसंस्थाका प्रतिनिधिहरूसंग समेत परामर्श गरी "मानवअधिकार आयोग ऐन-०५२" को प्रारम्भिक मस्यौदा तयार पारेको थियो। तर संसदमा पेश गर्न नपाउँदै तात्कालीन सरकारको अन्त्य भएकोले त्यसले कार्यरूप लिन सकेन।

पारित विधेयकको प्रावधान अनुरूप यस आयोगमा सर्वोच्च अदालतका भूपू प्रधानन्यायाधीश वा न्यायाधीशहरू मध्येबाट एकजना अध्यक्ष तथा कानून, मानवअधिकार, सामाजिक वा संचार तथा पत्रकारिताको क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याएका व्यक्तिहरू मध्येबाट तीन जना सदस्यहरू रहने र तिनीहरूको नियुक्ति प्रधानमन्त्री, प्रधानन्यायधीश र प्रतिनिधि सभामा विपक्षी दलका नेता रहेको एक समितिले गरेको सिफारिशको आधारमा श्री ५ बाट हुने भनिएको छ। आयोगका अध्यक्ष र सदस्यको सेवा शर्त र सुविधा लगभग सर्वोच्च अदालतका न्यायाधीशको सरह हुने व्यवस्था भए पनि यसको कार्यक्षेत्र निकै संकुचित भए जस्तो लाग्छ। त्यसैगरी यस विधेयकका अनुसार प्रतिनिधिसभाको मानवअधिकार सम्बन्धी समितिको सम्पूर्ण सदस्य संख्याको कम्तिमा २ तिहाई सदस्य उपस्थित भई बसेको बैठकको दुई तिहाई बहुमतबाट ल्यायएको आयोगको कुनै सदस्यको अयोग्यता सम्बन्धी प्रस्ताव प्रतिनिधिसभाको बैठकबाट पारित भएमा पद मुक्त हुने व्यवस्था गरिएको छ।

ऐनमा व्यवस्था भएनुसार श्री ५ को सरकारको मुख्य सचिव र माहान्यायधिवक्ताले पनि यसको कार्यक्षेत्रमा व्यवधान खडा गर्न सक्ने प्रावधान रहेको छ। यस्ता व्यवधानले गर्दा सरकारले केवल झारा टार्ने हिसावमा यो ऐन पारित गरेको भान हुन सक्ने प्रावधान रहेको छ। यो ऐनले सैनिक ऐनको क्षेत्राधिकारको विषयलाई मानवअधिकार आयोगको कार्यक्षेत्र नहुने मात्र होइन गैर सैनिक विषयमा पनि मुख्य सचिव माहान्यायधिवक्ताको पूर्व स्वीकृति लिनु पर्ने व्यवस्थाले मानवअधिकारको चरम उल्लंघन भएमा पनि आयोगलाई मौन रहन बाध्य बनाउँने हो कि भन्ने आशंका पनि जन्मिएको छ। अहिले प्रहरी प्रशासन जस्ता सरकारी निकायले नै मानवअधिकारको चरम उल्लंघन गरिरहेका छन्। मानवअधिकारप्रति सरकारी स्तरबाटै औंला ठड्याउने काम भइरहेको छ। यसले गर्दा आयोगको सार्थकता कतिसम्म रहने हो विचार गर्नु पर्ने विषय बनेको छ।

यसको कार्यान्वयन पक्ष कति सफल हुने हो हेर्न बाँकी नै छ। यसका बाबजुद पनि प्रस्तुत विधेयक यस विषयमा चासो लिनेहरूको निरन्तर प्रयास र दबाबबाट यस अवस्थामा पारित भएको हो भन्न सकिन्छ। हाम्रो चाहना भनेको मानवअधिकार उल्लंघनमा कार्वाही गर्न सक्ने स्वतन्त्र, तटस्थ र निष्पक्ष रूपले काम गर्न सक्ने शक्ति सम्पन्न आयोग बनोस् भन्ने हो। तैपनि यस अभियानमा यो पहिलो प्रयास भएकोले सकारात्मक कामको थालनी भएको छ भन्न सकिन्छ। यसलाई व्यावहारिक रूपमा कार्यान्वयन गर्दै अझ सशक्त बनाउन अघि बढ्नु पर्छ। ■

*मानवअधिकार र सामाजिक न्यायको निम्ति*

इन्सेक INSEC

सम्पर्क : **अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)**

**कलंकी, पोष्ट बक्स नं. २७२६, फोन- २७००७० / २७८७७०, फ्याक्स नं. २७०५५१**

Digitized By : Bimal Chandra Sharma